आज मिति २०७५।०१।०३ गतेका दिन नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको नियमित बैठक बसी देहाय बमोजिम छलफल एवं निर्णय गरियो ।

**कार्यपालिकाका निर्णयहरु :**

१. २०७५ श्रावण १ गते देखि नगरपालिकामा एकीकृत सम्पत्ति कर व्यवस्थापन गर्नु पर्ने भएकोले एकीकृत सम्पत्ति कर व्यवस्थापन सम्बन्धी प्रकृया शुरु गर्ने ।

२. २०७५।०७६ को वजेट तथा कार्यक्रम स्वीकृत गर्न नगर सभा २०७५ असार ३० गतेसम्म सम्पन्न गरी सक्नु पर्ने कानूनी व्यवस्था भएको हुँदा सो सम्बन्धी कार्य प्रकृया अगाडि बढाउने ।

३. आगामी नगर सभाबाट पारित गराई विभिन्न विषयसँग सम्बन्धित कानूनहरु कार्यान्वयन गर्न नगरपालिकालाई आवश्यक पर्ने ऐन, नियम, नियमावली, कार्यविधिहरु प्राप्त नूमना कानून अनुसार मस्यौदा तयार गर्नु पर्ने भएकोले नगरपालिकाबाट गठीत विधायक समिति मार्फत विभिन्न कानूनहरु तयार गरी छलफलको लागि नगर कार्यपालिकाको बैठकमा प्रस्तुत गर्ने ।

४. सिद्धिचरण नगरपालिकाको लागि नगर प्रोफाईल र पञ्च वर्षिय गुरुयोजना तयार गर्ने काम भईरहेको सन्दर्भमा उक्त कामलाई छिटो छरितो र गुणात्मक तरिकाले सम्पन्न गर्न वडा कार्यालयबाट सहयोग पुऱ्याउने ।

५. सिद्धिचरण नगरपालिकाको लागि संशोधित भवन निर्माण विनियम तयार गरी नगर कार्यपालिकाको बैठकमा पेस गर्ने ।

६. ओखलढुंगा बजारक्षेत्रमा जथाभावि फोहोर फ्याक्ने, बाटोमा निर्माण सामाग्री राखी बाटो अवरोध गर्ने, जथाभावि सवारी साधन राखी बाटोमा अवरोध पुऱ्याउने जस्ता कामहरु भईरहेका छन् । यस कार्यलाई निरुत्साहित गर्न सूचना जारी गरिएको तथा पटक पटक छलफल समेत गरिएको भएतापनि हालसम्म कुनै प्रगति भएको नदेखिएको सन्दर्भमा अब १ पटक सम्बन्धित पक्षलाई सूचना दिने, विभिन्न स्थानमा सूचना टाँस गर्ने तथा माईकिङ्ग समेतबाट जानकारी गराउने । यसरी जानकारी गराउँदा समेत अवस्थामा सुधार नआए जिल्ला प्रशासन कार्यालय सँग समन्वय गरी आवश्यक कार्यबाही अगाडि बढाउने ।

७. सिद्धिचरण नगरपालिकाको कार्यपालिका बैठकमा नगरपालिका र नगरपालिका अन्तर्गतका विषयगत शाखाको तर्फबाट शाखा प्रमुखहरुले चालु आ.व.को पहिलो र दोस्रो चौमासिकको कार्यक्रम सहितको विवरण प्रस्तुत गरी त्यसमा समिक्षा तथा छलफल गरियो ।

८. आ.व.०७५।०७६ को चालु र पूँजीगत वजेट अनुमान वडा कार्यालय र विषगत शाखा एवम् नगरपालिकाका शाखाले तयार गरी वजेट तर्जुमा समितिमा पेस गर्ने ।

९. यस नगरपालिकाका प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ता, वडा अध्यक्ष एवम् सचिव र नगरपालिकाका कार्यपालिकाका सदस्यहरु तथा सभाका सदस्यहरुलाई एवम् नगरपालिकाका कर्मचारीहरुलाई नगरपालिकाको बैठक तथा सभामा सहभागी हुन आउँदा र जाँदाको यातायात खर्च नियमानुसार उपलब्ध गराउने प्रकृया अगाडि बढाउने ।

१०. नगरपालिका क्षेत्रभित्र सार्वजनिक जग्गा अतिक्रमण गरेको पाईएकाले यस सम्बन्धमा पटक पटक सूचना जारी गरिएको । जानकारी गराउँदा पनि सार्वजनिक जग्गामा बनेका घर टहरा सम्बन्धित

पक्षले हटाउने कार्य सुरु नगरेको अवस्था देखिएको । यसरी सार्वजनकि जग्गा अतिक्रमण हुनु बैधानिक कार्य नभएको सन्दर्भलाई मध्य नजर गरी १ पटक सम्बन्धित पक्षलाई सार्वजनिक जग्गामा बनेका घर टहरा हटाउन सूचना दिने । यसरी सूचना दिदा पनि घर टहरा हटाउने प्रकृया सुरु नभएमा जिल्ला प्रशासन कार्यालय सँग समन्वय गरी त्यसरी बनेका घर टहरा हटाउने प्रकृया अगाडि बढाउने ।

११. यस नगरपालिका स्थित विद्यालयमा निजी स्रोतका शिक्षकहरुलाई तलब व्यवस्थापन गर्न आवश्यक देखिएको तथा अवस्था हेरी विद्यालय समायोजन समेत गर्नु पर्ने देखिएको सन्दर्भमा निजी स्रोतका शिक्षकहरु एवम् समायोजन गर्नु पर्ने विद्यालयको तथ्याङ्क वडा कार्यालय र विद्यालय स्रोत केन्द्रले समेत समन्वय गरी नगरपालिकामा पेस गर्ने ।

१२. आगामि आ.व.०७५।०७६ को वजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने समय भएको तर हालसम्म पनि मन्त्रालयबाट वजेट सिलिङ्ग तथा मार्गदर्शन प्राप्त भई नसेकेको हुँदा सिलिङ्ग तथा मार्गदर्शन प्राप्त भएपछि वजेट तथा कार्यक्रम तर्जुमा गर्ने । वजेट तथा कार्यक्रम तर्जुमा प्रकृया गत आ.व.को वजेट सिलिङ्गमा केही बृद्धि गरी वजेट तथा कार्यक्रम तयार गर्ने  प्रकृया शुरु गर्ने ।

१३. साना सिंचाई कार्यक्रम (SIP) उपभोक्ता समिति दर्ता गर्न कार्यविधिको अभाव भएको र कार्यविधि बन्ने प्रकृया सुरु भईसकेको सन्दर्भमा कार्यविधि बनेपछि प्रमाण पत्र जारी गर्ने गरी हाल सिंचाई उपभोक्ता समितिसँग योजनाको सम्झौता गरी योजना सञ्चालनको प्रकृया अगाडि बढाउने ।

१४. यस नगरपालिका क्षेत्रभित्र पर्ने नगरपालिकाका विद्यालयको स्तरबृद्धिका लागि नगरपालिकामा आउने गरेको तर यस सम्बन्धी  ऐन तथा कार्यविधि बनाउने प्रकृया अगाडि बढेको सन्दर्भमा पछि ऐन कानून बमोजिम हुने गरी विद्यालयको अवस्था हेरी प्रचलित शिक्षा ऐन समेतलाई मध्ये नजर गरी विद्यालयको स्तरबृद्धि गर्न अस्थायी स्वीकृत दिने ।

१५. नगरपालिका क्षेत्रभित्रका आयोजनाको स्टीमेट, ड्रोइङ्ग, डिजाईन, नापी किताब, ठेक्का बिल, कार्यसम्पन्न प्रतिवेदन अब देखि शहरी विकास पूर्वाधार शाखाबाट नेपाली भाषामा तयार गर्ने ।

१६. आगामि आ.व. देखि आयोजनाको पूर्व सम्भाव्यता अध्ययन गरेपछि आयोजनामा वजेट छुट्याउने प्रकृयाको सुरुवात गर्ने ।

१७. यस नगरपालिका क्षेत्रभित्र विभिन्न व्यवसाय गरी बस्ने व्यवसायीहरुलाई आफ्नो व्यवसाय दर्ता गर्नको लागि वडा कार्यालय मार्फत नगरपालिकामा सम्पर्क राख्ने सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाउने ।